वर्ष ८, अंक १  जनवरी-मे, २०२३

# काठमाण्डौ पानी

न्यूज बुलेटिन

नेपाल सरकार, मेलम्ची खानेपानी उपआयोजना-२, आयोजना कार्यान्वयन निर्देशनालय/काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

*सुधारिएको खानेपानी आपूर्ति, सरसफाई र ढल व्यवस्थापन मार्फत काठमाण्डौ उपत्यकाको रुपान्तरण*

## निर्देशनालयको सन्देश



काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड अन्तर्गत रहेको आयोजना कार्यान्वयन निर्देशनालयले (KUKL-PID) दशकौं लामो खानेपानी संकट र फोहरपानी व्यवस्थापन समस्याबाट काठमाण्डौका बासिन्दाहरूलाई राहत दिने उद्देश्यमा सधैं हर्षित र दृढ छ । निर्देशनालयको अथक प्रयासले काठमाण्डौ उपत्यकाका जनताका लागि खानेपानी आपूर्ति बढाउने केही आयोजनाहरू पूरा भएको छ ।

हाल निर्देशनालय कार्यान्वयन गर्ने निकायका रूपमा काठमाण्डौ उपत्यकामा समतामूलक र दिगो खानेपानी आपूर्तिका साथै फोहरपानी व्यवस्थापनका लागि काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना (KVWSIP) र काठमाण्डौ उपत्यका फोहरपानी व्यवस्थापन आयोजना (KVWMP) गरी दुईवटा ठूला आयोजनाहरू सञ्चालन गर्दै आएको छ । एसियाली विकास बैंक (एडीबी) र नेपाल सरकारको आर्थिक सहयोगमा यी आयोजनाहरू सञ्चालनमा रहेका छन् ।

एडीबी कोषको पहिलो चरणमा खानेपानी आपूर्ति आयोजना अन्तर्गत अधिकांश ठाउँमा पाइप बिछ्याउने र पानीपोखरी निर्माण कार्य सम्पन्न भई काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड र त्यसपछि केयूकेएललाई हस्तान्तरण गर्ने प्रक्रियामा छ । साथै, निर्देशनालयले आफ्ना वितरण सञ्जालहरू (DNI) सेवा सञ्चालकलाई (utility operator) हस्तान्तरण गर्ने तयारी गरिरहेको छ । यसैबीच, SCADA सम्झौतामा राम्रो प्रगति भइरहेको छ ।

फोहरपानी व्यवस्थापन अन्तर्गत, निर्देशनालयले गुहेश्वरीमा आधुनिक, वातावरणमैत्री फोहरपानी प्रशोधन केन्द्र सञ्चालनमा ल्याइसकेको छ । त्यसैगरी, धोबीघाट फोहरपानी प्रशोधन केन्द्र (TP-03) को निर्माण कार्य सम्पन्न भई उपकरण जडानको काम भइरहेको छ । सेप्टेम्बर २०२३ बाट प्रशोधन केन्द्रको फोहरपानी प्रशोधन क्षमताको परिक्षणको (commissioning) काम सुरु हुने अपेक्षा गरिएको छ । TP-02 र TP-03 को साझा संरचनाको निर्माण कार्य राम्ररी अगाडि बढिरहेको छ । यो सँगै ललितपुर महानगरपालिकाका मुख्य क्षेत्र विशेषगरी लगनखेल, थटी, इटी, कोबहा, सैंथु गणेश क्षेत्र, भीमसेन मन्दिर क्षेत्रका साथै युनेस्कोको विश्व सम्पदा सूचीमा परेको पाटन दरबार स्क्वायर क्षेत्रमा सडक पुनःनिर्माण लगायतका मुख्य निर्माण कार्य सम्पन्न भएका छन् ।

दोस्रो काठमाण्डौ उपत्यका खानेपानी सुधार परियोजना (SKVWSIP) एडीबीको सञ्चालक समितिबाट स्वीकृत भएपछि चाँडै सुरु हुने अपेक्षा गरिएको छ । SKVWSIP अन्तर्गत कीर्तिपुर, भक्तपुर, मध्यपुर थिमि, जोरपाटी उत्तर र दक्षिण र पेप्सिकोला क्षेत्र लगायत काठमाण्डौ उपत्यकाका विभिन्न भागमा करिब ८६० कि.मिमा वितरण सञ्जालका पाइपहरू बिछ्याइनेछ । यसबाट थप ५ लाख मानिस लाभान्वित हुनेछन् । त्यसैगरी निर्देशनालयले चक्रपथबाहिर २.५ कि.मिको परिधिभित्र करिब १,२०० कि.मिको प्रोजेक्ट बैंक तयार गरेको छ । आयोजनाको विस्तृत डिजाइन पूरा भइसकेको र थप कोष उपलब्ध हुने बित्तिकै कार्यान्वयन गर्न सकिनेछ ।

अन्त्यमा, निर्देशनालयले सधैं सार्वजनिक सरोकारका विषयलाई उच्च प्राथमिकता दिएकोमा हामी गर्व गर्छौं । चाँडैनै काठमाण्डौ उपत्यकाका जनतालाई स्वच्छ र सुरक्षित मेलम्ची खानेपानी आपूर्ति गर्न र फोहरपानी व्यवस्थापनमा सुधार गर्न यो सक्षम हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

**ई. राजेन्द्र सापकोटा**
आयोजना निर्देशक



बाँयातर्फ उभिएका खानेपानी मन्त्रालयका सह-सचिवको उपस्थितिमा PID, KUKL र KVWSMB का वरिष्ठ अधिकारीहरू ३० जनवरी, २०२३ मा एक समारोहबीच सम्झौता पत्रमा हस्ताक्षर गर्दै ।

## निर्देशनालयले काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड/केयूकेएललाई सम्पत्ति हस्तान्तरण

निर्देशनालयले पाँचवटा थोक वितरण प्रणाली (BDS) को कार्य सम्पन्न गरी सफल परीक्षणपछि कुल ९.६ अर्ब रुपैया बराबरको सम्पत्ति र सम्बन्धित पूर्वाधारहरू लगायतका कागजातहरू काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड/केयूकेएललाई हस्तान्तरण गरेको छ । हस्तान्तरण प्रक्रियाको सम्पूर्ण समन्वय गर्ने खानेपानी मन्त्रालयका सहसचिव तिरेश प्रसाद खत्रीको उपस्थितिमा निर्देशनालय, खानेपानी व्यवस्थापन बोर्ड र केयूकेएलबीच सम्झौता पत्रमा हस्ताक्षर भएको थियो । निर्देशनालयको तर्फबाट परियोजना निर्देशक राजेन्द्र सापकोटा, खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जीव विक्रम राणा र केयूकेएलको तर्फबाट उपप्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र बहादुर कार्कीले १ फेब्रुअरी २०२३ देखि लागू हुने गरी सम्झौता पत्रमा हस्ताक्षर गर्नु भएको थियो । यी संरचनाहरूको हस्तान्तरण पछि, केयूकेएलले यी प्रणालीहरू सञ्चालन गर्दैछ ।

सम्झौता अनुसार खानेपानी व्यवस्थापन बोर्ड/केयूकेएललाई पाँच थोक वितरण प्रणाली (BDS 0, BDS 1, BDS 2, BDS 3 and BDS 4), १० पानीपोखरीहरू हस्तान्तरण गरिएको थियो । यी थोक वितरण प्रणालीहरूले सुन्दरीजल पानी प्रशोधन केन्द्रबाट काठमाण्डौ उपत्यकाका विभिन्न स्थानमा (आरुबारी, महाकालचौर, बाँसबारी, पानीपोखरी, बालाजु, कीर्तिपुर, खुमलटार, टिग्नी र कटुन्जे) कुल ७४,५०० घन मिटर भण्डारण क्षमता रहेका पानीपोखरीहरूमा पानी आपूर्ति गर्छन् । पानीपोखरीसम्म पुर्‍याउन उक्त थोक वितरण प्रणालीमा Transverse, ring र radius mains हुन्छन् । यी प्रणालीमा प्रयोग हुने Ductile Iron पाइपहरूको व्यास ४०० mm देखि १,४०० mm सम्मको छ । थोक वितरण प्रणालीको कुल लम्बाइ ७५.८३६ कि.मि छ । थोक वितरण प्रणाली सञ्चालनका लागि दुई वटा पिकअप गाडी पनि केयूकेएललाई हस्तान्तरण गरिएको थियो ।

| थोक वितरण प्रणाली | कुल लम्बाई (कि.मि) | यी प्याकेजहरूले समेटेका क्षेत्रहरू |
|---|---|---|
| थोक वितरण प्रणाली 0 (BDS 0) | ९.५७९ | ▪ सुन्दरिजलदेखि महांकालचौर |
| थोक वितरण प्रणाली १ (BDS 1) | ११.२६९ | ▪ महांकालचौरदेखि बाँसबारी<br>▪ कलंकी (सिता पेट्रल पम्प) देखि बल्खु<br>▪ एकान्तकुनादेखि ताल्चिखेलचोक |
| थोक वितरण प्रणाली २ (BDS 2) | २५.३७३ | ▪ नारायणगोपाल चोकदेखि बालाजु पानी ट्याङ्की र पानीपोखरी पानी ट्याङ्की<br>▪ कलंकी (मकालु नजिक) देखि खसिबजार हुदै बल्खु चोक<br>▪ बल्खु चोकदेखि एकान्तकुना |
| थोक वितरण प्रणाली ३ (BDS 3) | १५.०६२ | ▪ बालाजु चोकदेखि कलंकी (मकालु नजिक)<br>▪ बलाजु चोकदेखि लैनचौर, त्रिपुरेश्वर, थापाथलीहुदै एकान्तकुना<br>▪ गौशाला चोकदेखि नयाँबानेश्वर चोक |
| थोक वितरण प्रणाली ४ (BDS 4) | १४.५५३ | ▪ सिता पेट्रल पम्पदेखि किर्तिपुर पानीपोखरी<br>▪ गोकर्णदेखि मुलपानीहुदै टिग्नी तथा कटुन्जे पानीपोखरी |

# काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना (KVWSIP)

**काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजनाले काठमाण्डौ उपत्यकामा भरपर्दो, समतामूलक र दिगो पानी आपूर्ति प्रणालीको विकास गर्ने लक्ष्य राखेको छ । हाल, आयोजनाले SCADA द्वारा स्वचालित पानीपोखरीहरू (SRTs), वितरण सञ्जाल सुधार (DNI) र District Metering Areas (DMAs) सँगसँगै थोक वितरण प्रणाली (BDS) पनि समावेश गरि एकदमै नयाँ सञ्जाल विकास गरिरहेको छ । KVWSIP ले हाल Loan 2776 र Loan 3255 अन्तर्गत विभिन्न सम्झौताहरू कार्यान्वयन गर्दैछ, जुन लगभग पूरा भइसकेका छन् । दुबै ऋण अन्तर्गतका प्याकेजहरूको समग्र भौतिक प्रगति करिव ९५% छ ।**

## L-2776 र L-3255 अन्तर्गत सम्झौताका प्रगति

Loan-2776 अन्तर्गतका प्रमुख कामहरू थोक वितरण प्रणाली निर्माण, पानी वितरण सञ्जालको सुधार र उपत्यकामा जमिनको पानी अन्वेषण गर्ने हुन् । एडीबीको ८० मिलियन अमेरिकी डलरको योगदानका साथ आयोजनाको कुल लागत १३० मिलियन अमेरिकी डलर थियो । यो सन् २०१२ फेब्रुअरी ७ मा लागू भएको थियो ।

यस ऋण अन्तर्गत थोक वितरण प्रणालीका ठूला व्यासको पाइपलाइन बिछ्याउने कार्यहरू रहेका छन् जसले पानी प्रशोधन केन्द्रबाट उपत्यकाका विभिन्न स्थानमा रहेका पानीपोखरीहरूमा पानी आपूर्ति गर्छन् । यस ऋणमा DNI प्याकेज १, २ र ३ तथा BDS-SRT प्याकेज १, २ र ३ समावेश गरिएको थियो । BDS प्याकेजहरू सम्पन्न गरी यसका स्वमित्वकर्ता काठमाण्डौ उपत्यका खानेपानी विकास बोर्ड, त्यसपछि सेवा सञ्चालक केयूकेएललाई हस्तान्तरण गरियो । आयोजनाको पहिलो चरण अन्तर्गत काठमाण्डौ उपत्यकाका करिब १० लाख जनसंख्यालाई सेवा दिन करिब ८०० कि.मि. वितरण सञ्जाल बिछ्याइएको थियो । मेलम्चीको पानी आएसँगै बाँकि रहेका कार्य अर्थात पानी परीक्षण तथा सञ्चालन क्षमताको परिक्षणका कार्यहरू (commissioning) द्रुत गतिमा भइरहेका छन् भने निर्माणका अधिकांश काम सम्पन्न भइसकेका छन् । त्यसैगरी केही DMAs मा मिटर जडानका काम पनि पूरा भइसकेको छ । अहिले अनामनगर क्षेत्रका, DMA ४.१ का १,६१० घरधुरीमा पूर्ण रूपमा नयाँ मिटर जडान भइसकेका छन् र त्यहाँ चौबीसै घण्टा पानी आपूर्ति भइरहेको छ ।

त्यसैगरी, KVWSIP को अतिरिक्त अनुदान अन्तर्गत Loan 3255, ११ फेब्रुअरी २०१६ देखि लागू भएको थियो । यसमा काठमाण्डौ उपत्यकामा Loan-2776 अन्तर्गत समायोजन नभएका थप BDS, SRTs र DNIs लाई सुधार गर्ने लक्ष्य राखिएको थियो । साथै, काठमाण्डौ उपत्यकाको खानेपानी नेटवर्कको व्यवस्थापनका लागि Loan 3255 अन्तर्गत छुट्टै प्याकेज निर्माण भइरहेको छ जस अन्तर्गत hydraulically controlled values प्रयोग गरि SCADA प्रणालीद्वारा नयाँ खानेपानीको सञ्जाललाई स्वचालित गरिने छ । मे २०२३ सम्मको SCADA सम्झौताको कुल प्रगति ४५% रहेको छ ।

यस ऋण अन्तर्गतका प्रमुख कामहरू १८ कि.मि. थोक वितरण प्रणाली, तीनवटा पानीपोखरी, करिब २०० कि.मिको वितरण सञ्जाल सुधार निर्माण, करिब २०० कि.मि. वितरण सञ्जालको विस्तृत सर्वेक्षण र डिजाइन र नगरपालिकाका सडक (करिब १२० कि.मि.) को पुनर्निर्माण रहेका छन् । यस ऋण अन्तर्गत, एडीबीको ऋण सहयोग सहित, कुल रकम १३५ मिलियन अमेरिकी डलर रहेको छ ।

## काठमाण्डौबासीका लागि खानेपानी अभिवृद्धि गर्न सरकारको आर्थिक सहयोग

एडीबीको आर्थिक सहयोगसँगै नेपाल सरकारले पनि उपत्यकाको उत्तरी भागमा रहेको चक्रपथ भित्रका केही नसमेटिएका क्षेत्रहरूको खानेपानीको आवश्यकतालाई सम्बोधन गर्न रकम विनियोजन गरेको छ । यस कार्यको लागि रु. १३ करोड सरकारी बजेट रहेको छ ।

सरकारी कोषमा हुने प्रमुख पूर्वाधारका कार्यहरूमा सुन्दरीजल देखि चाबहिलसम्म करिव ११ कि.मि. लम्बाई र १,६००-१,८०० व्यासका पाइपहरू रहेको दोस्रो थोक वितरण प्रणाली (BDS-05), तीनवटा पानीपोखरीहरू (कीर्तिपुरमा ६,००० घन मिटर क्षमताको, महांकालचौरमा ८,५०० घन मिटर क्षमताको र पुरानो बालाजु पानीपोखरीमा १९,००० घन मिटर क्षमताको) निर्माण समावेश छन् र २२ DMAs सहितको करिव ८०० कि.मि. वितरण सञ्जाल विस्तार गरि ४०,००० घरधुरीहरूमा जडान गर्ने रहेको छ । यस वितरण सञ्जालले हाल सञ्चालनमा रहेको खानेपानी सुधार आयोजनामा एडीबी कोषको अभावले गर्दा छुटेका चक्रपथ भित्रका बाँकी क्षेत्रहरू र चक्रपथ बाहिरका केही भागहरूलाई समेट्नेछ । हाल चक्रपथभित्र कलंकी, स्वयम्भू, कालीमाटी, बालुवाटार, धुम्बाराही, चन्डोल, हाँडिगाउँ लगायत र चक्रपथ बाहिर सामाखुसी, रानीबारी, बसुन्धारा, कुमारीगाल र चाबहिल क्षेत्रमा HDPE र DI पाइप बिछ्याउने काम भइरहेको छ ।

### नेपाल सरकारको बजेट अन्तर्गत वितरण सञ्जाल सुधार (DNI) का प्याकेजहरूको प्रगति (primary, secondary/tertiary pipeline till May, 2023)

| वितरण सञ्जाल सुधार प्याकेजहरू | लक्ष्य (कि.मि.) | प्रगति (कि.मि.) | समग्र प्रगति (%) | कैफियत |
|---|---|---|---|---|
| वितरण सञ्जाल सुधार प्याकेज ५ (7B) | २२८.२६ | १५८.८९ | ६९.६० | निर्माणाधीन |
| वितरण सञ्जाल सुधार प्याकेज ६ (7C) | २८३.२९ | २२०.५२ | ७७.८४ | निर्माणाधीन |
| वितरण सञ्जाल सुधार प्याकेज ७ (9A मण्डिखाटार) | १२९.५० | १०३.५७ | ७९.९८ | निर्माणाधीन |
| वितरण सञ्जाल सुधार प्याकेज 9A- 1कपन | १५०.३३ | ८८.६४ | ५८.६९ | निर्माणाधीन |
| **जम्मा** | **७९१.३८** | **५९७.५५** | **७५.५०** | |

## उपत्यकामा थप पानी उपलब्ध गराउन नयाँ परियोजनाहरू पाइपलाइनमा

एडीबीको आर्थिक सहयोगमा दोस्रो काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना (SKVWSIP) ले काठमाडौं उपत्यकाका थप क्षेत्रमा पानी आपूर्तिको आवश्यकता पूरा गर्ने लक्ष्य राखेको छ । यसले विशेषगरी भक्तपुर, कीर्तिपुर, मध्यपुर ठिमि, जोरपाटी उत्तर र दक्षिण र पेप्सिकोला क्षेत्रलाई समेटेको छ जसबाट थप ५ लाख मानिस लाभान्वित हुनेछन् । सबै पूर्वतयारी कार्यहरू पूरा भैसकेका छन् । नेपाल सरकार र एडीबीबीच ऋण सम्झौता भएपछि नयाँ परियोजना अगाडि बढ्नेछ ।

SKVWSIP अन्तर्गत, ३,१६० हेक्टर क्षेत्रफलमा कुल ८६० कि.मि.HDPE र DI पाइपहरू बिछ्याइनेछ । त्यसैगरी नयाँ आयोजनाले कुल ९५,९६३ घरमा धारा जडान गर्ने योजना तयार पारेको छ । निर्देशनालयले आयोजनाको विस्तृत डिजाइन तयार गरिसकेको छ जुन आगामी वर्षबाट शुरु हुने सम्भावना छ ।

SKVWSIP बाहेक, निर्देशनालयले प्रोजेक्ट बैंकको एक अंशको रूपमा, चक्रपथबाहिर २.५ कि.मि. क्षेत्र भित्र पानीपोखरी/ओभरहेड ट्यांकी (आवश्यकताको आधारमा) सहितको १,२०० कि.मिको थप वितरण सञ्जाल सुधारको इन्जिनियरिङ सर्वेक्षण र विस्तृत डिजाइन तयार गरेको छ । चक्रपथ बाहिरका क्षेत्रहरूमा नागार्जुन नगरपालिका वडा १, २, ४, वडा नं ५, ९ र १० का केही भाग, चन्द्रागिरि नगरपालिकाको खड्का गाउँ र श्युचाटार क्षेत्र, बालाजुको रिङरोड बाहिर का.म.पा. वडा नं १६, बालाजु औद्योगिक क्षेत्र, बालाजु बाइपास क्षेत्र र का.म.पा. वडा नं. १४ को कलंकी क्षेत्र, का.म.पा. वडा नम्बर ३ को बासँबारी क्षेत्र र टोखा नगरपालिकाको वडा नम्बर ६, ७, ९, १० र ११ का केही भागहरू रहेका छन् जहाँ २०,००० भन्दा बढी घरधुरी लाभान्वित हुनेछन् ।

काठमाण्डौ उपत्यकाका चक्रपथ बाहिर बसोबास गर्ने जनताका लागि यी सञ्जालहरू अति आवश्यक छन् । आर्थिक व्यवस्थापन हुने बित्तिकै आयोजनाको कामहरू सुरू गर्न सकिनेछ ।

## वितरण सञ्जालको क्षमता परिक्षणको काम पूर्ण रूपमा सञ्चालनमा

मेलम्चीको पानीको उपलब्धतासँगै निर्देशनालयले आफ्नो खानेपानी सञ्जालको क्षमता परिक्षणका साथै पानी परिक्षणको कार्य पूर्ण रूपमा सञ्चालनमा ल्याएको छ । सन् २०२३ को मे महिनासम्म कुल ९८० कि.मि. Secondary र tertiary पाइपलाइन मध्ये २८१ कि.मिको commissioning को काम सम्पन्न भइसकेको छ । त्यसैगरी DNI प्याकेज १, २, ३ र ४ अन्तर्गत कुल ८४,१२५ घरधारा जडानमध्ये काठमाण्डौको नक्साल, दरबारमार्ग, कमलपोखरी, हाँडिगाउँ, गौशाला, तिलगंगा, पुरानो बानेश्वर, कोटेश्वर, माइतीघर, शहीदगेट, त्रिपुरेश्वर आदिमा र ललितपुरको लगनखेल आर्मी ब्यारेक, महालक्ष्मीस्थान, ग्वार्को, च्यासल आदि स्थानका १९,२२७ घरधुरीमा commissioning को कार्य सम्पन्न भएको छ । हाल मेलम्चीबाट कूल १७० MLD पानी काठमाण्डौ आउँछ, जसमध्ये ७० MLD पानी flushing र परिक्षणका लागि प्रयोग भइरहेको छ, जुन commissioning को एउटा भाग हो । मे २०२३ सम्म commissioning को कुल प्रगति २९% रहेको छ ।

# काठमाण्डौ उपत्यका फोहरपानी व्यवस्थापन आयोजना (KVWMP)

काठमाण्डौ उपत्यकाको फोहरपानी व्यवस्थापनको क्षमता अभिवृद्धि गरी सहरी नदी र सहायक नदीहरूको पानीको गुणस्तर र काठमाण्डौ उपत्यकाको पर्यावरणमा सुधार गर्न सन् २०१३ मा काठमाण्डौ उपत्यका फोहरपानी व्यवस्थापन परियोजना सुरु गरिएको थियो । एडीबीको कोष अन्तर्गत, निर्देशनालयलाई पाँचवटा फोहरपानी प्रशोधन केन्द्रहरू, दुई विकेन्द्रीकृत फोहरपानी प्रशोधन केन्द्र (DEWATS) र पाटन, ललितपुरको मुख्य क्षेत्रमा ढल सञ्जालको पुनर्निर्माण र विस्तार गर्ने जिम्मा दिइएको छ । पाँचमध्ये, ३२.४ MLD फोहरपानी प्रशोधन गर्ने क्षमता सहितको गुहेश्वरी फोहरपानी प्रशोधन केन्द्र (देशकै आधुनिक फोहरपानी प्रशोधन केन्द्र) हाल सञ्चालनमा छ । यसले चाबहिल, बौद्ध, जोरपाटी र आसपासका क्षेत्रमा बसोबास गर्ने करिब तीन लाख जनसंख्यालाई सेवा दिइरहेको छ । यसैबीच, धोबीघाटमा अर्को फोहरपानी प्रशोधन केन्द्र (TP-03) को निर्माण कार्य सम्पन्न भएर उपकरण जडानको काम भइरहेको छ । सन् २०२४ को जनवरीदेखि यो सञ्चालनमा आउने अपेक्षा गरिएको छ ।

## TP–02 र TP–03 मा साझा संरचनाहरू

TP–02 र TP–03 दुवैका लागि प्रयोग गरिने केही साझा संरचनाहरूको निर्माण कार्य TP–02 को ठेकेदारले पूरा गर्नुपर्ने थियो । तर, TP–02 ठेक्का खारेजका कारण यो पूरा हुन सकेन र यसको जिम्मा variation मार्फत TP-03 लाई दिइएको थियो । भौतिक संरचना निर्माणको काम राम्रै चलिरहेको छ । हाल W1/W2 को ३०%, पाइप बिछ्याउने काम १००%, manhole निर्माणको काम ७५% र B1 भवनको ७५% काम सकिएको छ ।

## युनेस्को विश्व सम्पदा क्षेत्र पाटन दरबार स्क्वायर लगायत ललितपुर महानगरपालिकाको मुख्य क्षेत्रमा ढल पुनर्स्थापना प्रगतिमा

ललितपुर महानगरपालिकाको मुख्य क्षेत्रमा (SN-03) ढल विस्तार तथा पुनर्स्थापनाको काम तिव्र गतिमा भइरहेको छ । सन् २०२३ को मे महिनाको अन्त्यसम्ममा ढलका पाइप बिछ्याउने, manhole र service manhole निर्माण गर्ने लगायत युनेस्कोको विश्व सम्पदा सूचिमा परेको पाटन दरबार स्क्वायर प्रांगणमा इँटा बिछ्याउने जस्ता पुनर्निर्माणलगायतका कार्यहरू सम्पन्न भएको छ । त्यसैगरी भीमसेन मन्दिरदेखि कोबाहा क्षेत्रसम्म ढुंगा छाप्ने काम पनि सम्पन्न भएको छ । यस वर्ष अप्रिलको अन्तिम साताबाट सुरु भएको ललितपुरको सबैभन्दा लामो अवधिको रातोमछिन्द्रनाथको रथ तान्ने जात्रामा सर्वसाधारणको सहज हिड्डुलका लागि कोबाहादेखि सैंन्चु गणेश (६०० मिटर), लगनखेलदेखि चक्रबाही (४७५ मिटर) र थाटीदेखि इटी (१४० मिटर) सम्मको सडकमा कालोपत्रे गर्ने कार्य पनि सम्पन्न भएको छ ।

SN-03 ललितपुर महानगरपालिकासँगको सहकार्यमा निर्देशनालयको २.८ कि.मि. ढल पुनर्निर्माणको कार्य हो । यो विशेष गरी पाटन दरबार स्क्वायरमा वर्षौंदेखिको पानी जम्ने र डुबानको समस्याबाट पाटनका बासिन्दाहरूलाई राहत दिनको लागि हो । सन् २०२३ को मे मसान्तसम्ममा SN-03 मा कामको प्रगति ७०.५०% रहेको छ । स्थानीय बासिन्दा एवं सरोकारवालाहरूको अप्रत्याशित अवरोध र नेपाल विद्युत प्राधिकरण, केयूकेएल, नेपाल टेलिकम जस्ता विभिन्न निकायहरूबाट उपकरणको स्थानान्तरण र व्यवस्थापनमा भएको ढिलासुस्तिका कारण यो सम्झौताको निर्माण कार्यमा धेरै ढिलाइ भएको छ ।



■ निर्देशनालले पाटन दरबार स्क्वायरमा इँटा बिछ्याउने कार्य सम्पन्न गर्यो ।

## मे २०२३ सम्मको फोहरपानी प्रशोधन केन्द्र निर्माणमा प्रगतिको अवस्था

| क्र.स. | सम्झैता प्याकेज | कुल क्षमता | समग्र प्रगति |
|---|---|---|---|
| १. | TP–01 (गुहेश्वरी) | ३२.४ MLD | सम्पन्न र २०२० देखि सञ्चालनमा |
| २. | TP-03 (धोविघाट फोहरपानी प्रशोधन केन्द्र) | ३७ MLD | ८४.५० % |
| ३. | DEWATS (गोकर्ण र हनुमानघाट) | ४ MLD | ४.१२ % |

## बालुवाटार ढल तथा वर्षात्‌को पानी व्यवस्थापनको काम अन्तिम चरणमा

नेपाल सरकारको एकल लगानीमा बालुवाटार ढल तथा वर्षात्‌को पानी व्यवस्थापन (SW–01) अन्तर्गत निर्माण कार्य लगभग सम्पन्न भएको छ । ढल सञ्जाल निर्माणको १.२३ कि.मि. मध्ये ३८४ मिटरको box culvert र २३ वटा manhole सहित सबै पाइप बिछ्याउने काम सम्पन्न भएको छ । अहिले सीमा पर्खाल निर्माण र सडक पुर्नस्थापनाको काम भइरहेको छ ।

## गोकर्णमा ढल सञ्जाल निर्माण कार्य सुरु

गोकर्ण ढल सञ्जाल (SN-04) निर्माणका लागि हालै नयाँ ठेक्का दिइएको छ । यो गोकर्णेश्वर नगरपालिकाको घना जनसंख्या भएको क्षेत्र विशेषगरी वडा नं. ४ मा ६.२३ कि.मि. ढल सञ्जाल विस्तार गर्ने कार्यक्रम हो । यो ठेक्का सम्झौता भएको मितिदेखि १८ महिना भित्र सम्पन्न गरिसक्नुपर्नेछ ।

हालै गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुखको अध्यक्षतामा परामर्श बैठक बसेको थियो । बैठकमा SN-04 मा ढलका पाइप बिछ्याउने मोडल र डिजाइनबारे छलफल भएको थियो । बैठकले नगरपालिका र निर्देशनालयबीच थप समन्वयका लागि नगरपालिकाका एक जना अधिकृतलाई सम्पर्क व्यक्तिमा नियुक्त गरेको छ । प्रस्तावित ढल मार्गका आधारमा एउटा मुख्य लाइन नवनिर्मित ग्राभेल सडक हुँदै स्याल्मती खोला पुल, नैडोलको घना समुदायको दक्षिणी सडक र बाग्मती खोलाको दायाँ तर्फको पूर्वी बाटोबाट सार्वजनिक जग्गा हुँदै देसे पुल अगाडि अवस्थित ढलमा जोडिन्छ । दोस्रो मुख्य लाइन सुर्यमती पुल नजिकै जोरपाटी-सुन्दरीजल सडकबाट सुरु हुने र यो पुलभन्दा केही मिटर अगाडि अन्य मुख्य लाइनहरूसँग मिसिएर बागमती नदीको किनार हुँदै जान्छ । यी मुख्य लाइनहरू connection manhole मा मिल्छन् र गोकर्ण DEWATS मा प्रवेश गर्छन् । निर्माण कार्यका लागि ठेकेदारलाई निर्माण स्थलमा परिचालन गरिएको छ ।

## मे २०२३ सम्म काठमाण्डौ उपत्यका फोहरपानी व्यवस्थापन आयोजना अन्तर्गत ढल सञ्जालहरूको प्रगतिको अवस्था

| क्र. स. | सम्झैता प्याकेज | लक्ष्य (कि.मि.) | प्रगति (कि.मि.) | समग्र प्रगति | टिप्पणी |
|---|---|---|---|---|---|
| १ | SW 01 (बालुवाटार वर्षातको पानी तथा ढलका पाइपलाइन) | १.२३ | १.२३ | ८०.५०% | नेपाल सरकारको आर्थिक सहयोगमा |
| २ | SN 03 (पाटन ढल) | २.८ | २.२२ | ७०.५०% | एडीबीको आर्थिक सहयोगमा |

## TP–02 को पुन: बोलपत्र आव्हानको कागजात तयार

TP-02 (सल्लाघारी, कोडकु र धोबीघाट फोहरपानी प्रशोधन केन्द्र)को कुल ६८.७ MLD को बाँकी कामको पुन: बोलपत्र आव्हानको प्रक्रिया सुरु भएको छ । पुन: बोलपत्र आव्हान गर्न कागजातलाई अन्तिम रूप दिइएको छ र यही जुन २०२३ सम्म प्रकाशित गर्ने अपेक्षा गरिएको छ । ठेकेदारको कमजोर कार्य सम्पादनको कारण गत वर्ष सम्झौता रद्द गरिएको थियो । TP–02 प्याकेजको समग्र प्रगति २७.१% थियो ।

## DEWATS को निर्माण

DEWATS (गोकर्णमा ३ MLD र हनुमानघाट, भक्तपुरमा १ MLD) को निर्माण डिजाइन चरणमा छ । हाल हनुमानघाट DEWATS को २८% र गोकर्ण DEWATS को १९% डिजाइनको काम सकिएको छ । केही फोहरपानी प्रशोधनका संरचनाहरू, विशेष गरी Moving Bed BioFilm Reactor (MBBR) र operation building को निर्माण कार्य जारी छ । हालसम्मको कुल प्रगति ४.१२% छ ।

# CASSC-03 द्वारा सामुदायिक सचेतना र परिचालन गतिविधिहरू

निर्देशनालयको Safeguard Unit अन्तर्गत रहेको सामुदायिक सचेतना तथा सुरक्षण सहयोग परामर्शदाता (CASSC–03) को उद्देश्य सामुदायिक चेतना वृद्धि र सामाजिक परिचालन, लैंगिक समानता र सामाजिक समावेशी कार्ययोजना लागू गर्ने र आयोजना क्षेत्रहरूमा सुरक्षा पालना गर्नु हो ।

यसबाहेक, CASSC–03 वातावरण मैत्री दिगो विकासलाई प्रवर्द्धन गर्न स्वास्थ्य, वातावरणीय र सामाजिक सुरक्षाका मुद्दाहरूमा काम गर्दछ । यसले मुख्यतया जनतामा पुग्न दुईवटा तरिकाहरू प्रयोग गरिरहेको छ ।

पहिलो तरिका भनेको सरोकारवालाहरू सँगको सामुदायिक बैठकहरू जस्तै महिला समूह, आमा समूह, युवा क्लबहरू र सामुदायिक परामर्शहरू छन्, जुन सामान्यतया समुदाय स्तरमा निर्वाचित निकायहरू, विशेष गरी वडा कार्यालयहरू मार्फत गरिन्छ । यी बैठकहरूले जनता र आयोजनाबीचको असमझदारीहरू समाधान गर्न मद्दत गर्दछ ।

दोस्रो तरिका भनेको विद्यालय सचेतना कार्यक्रमहरू र सार्वजनिक विद्यालयमा विभिन्न शैक्षिक गतिविधिहरू जस्तै वक्तृत्वकला प्रतियोगिता, चित्रकला प्रतियोगिता र अन्य कार्यक्रमहरू मार्फत सार्वजनिक शिक्षा प्रदान गर्नु हो । विद्यार्थीलाई परिवर्तनको सम्वाहकको रूपमा लिँदै विद्यालय कार्यक्रमले विद्यालय र घरमा स्वास्थ्य, स्वच्छता र सरसफाईको महत्वको बारेमा विद्यार्थीलाई सचेतना बढाउने लक्ष्य राखेको छ । त्यसैगरी, CASSC–03 ले निर्माण कार्यमा जनसहयोगको लागि जनताको ध्यानाकर्षण गर्न निर्देशनालयको सूचना तथा जानकारीहरू सम्प्रेषणका लागि आफ्ना सामाजिक परिचालकहरूलाई खटाइरहेको छ । यसै साथ, CASSC–03 ले निर्माणस्थलहरूमा कामदारहरूको व्यावसायिक स्वास्थ्य र सुरक्षा पालना सुनिश्चित गर्न श्रमिक अभिमुखीकरण कार्यक्रम र प्राथमिक उपचार प्रशिक्षण पनि सञ्चालन गर्दछ ।

यस्ता गतिविधिहरूले आयोजनाको सफलताको लागि सबै सरोकारवालाहरूसँग सुमधुर सम्बन्ध निर्माण गर्दछ ।



*छाउनीस्थित श्री पञ्चकन्या माध्यमिक विद्यालयमा विद्यालय सचेतना कार्यक्रम ।*

### यस वर्ष CASSC-03 द्वारा संचालित गतिविधिहरू (जनावरी-मे, २०२३)

| क.स. | CASSC-03 का गतिविधिहरू | कार्यक्रमको कुल संख्या | सहभागीको कुल संख्या |
|---|---|---|---|
| १ | सामुदायिक बैठकहरू | ५९ | ७५४ |
| २ | सामुदायिक जागरूकता कार्यक्रमहरू | २५ | ८६१ |
| ३ | विद्यालय सचेतना कार्यक्रमहरू | १२ | ५०२ |
| ४ | श्रमिक अभिमुखीकरण कार्यक्रमहरू | ६ | १६८ |
| ५ | सूचना प्रचारप्रसार | १३ क्षेत्रहरू | १,३०१ घरधुरी |

# निर्देशनालयले केयूकेएल ग्राहकको डाटाबेस तयार गर्दै



*CASSC-03 का सर्वेक्षक कोटेश्वर, काठमाण्डौमा ग्राहक सर्वेक्षण गर्दै ।*

निर्देशनालयले आफ्ना कार्य सम्पन्न भएका प्याकेजहरूमा केयूकेएलका ग्राहकहरूको डाटा र जानकारी डिजिटाइज गर्न ग्राहक सर्वेक्षण गरिरहेको छ । यो ODK Collect नामक मोबाइल एप प्रयोग गरेर उपभोक्ताहरूको घर घरमा गरिने सर्वेक्षण हो । यस सर्वेक्षणमा मोबाइल एप मार्फत विभिन्न कागजातका तस्बिरहरू खिचेर उच्चस्तरीय र विश्वसनीय तरिकाले डाटा संकलन गरेको सुनिश्चितता गर्न सकिन्छ ।

ग्राहक सर्वेक्षणको क्रममा, केयूकेएलद्वारा नियन्त्रित सर्भरहरूमा डाटा सुरक्षित रूपमा क्याप्चर र भण्डारण गरिन्छ, जुन उनीहरूको बिलिङ प्रणाली वा भविष्यको सूचना प्रविधि प्लेटफर्महरूसँग डेटामर्ज वा प्रयोग हुने अनुमान गरिएको छ । हाल काठमाण्डौ उपत्यकाका विभिन्न क्षेत्रमा धेरै सर्वेक्षकहरू खटाइएको छ । सर्वेक्षणका क्रममा व्यक्तिगत जानकारीको साथसाथै, केयूकेएलका ग्राहकहरूलाई नागरिकता प्रमाणपत्र, जग्गाको लालपूर्जाको प्रमाणपत्र, मिटर जडान गर्दा भएको सम्झौतापत्र, पानीको बिल वा केयूकेएल ग्राहक नम्बरहरू जस्ता कागजातहरू उपलब्ध गराउन अनुरोध गरिन्छ, जुन केयूकेएलका सर्भरमा डिजिटाइज गर्न सर्वेक्षकहरूले इलेक्ट्रोनिक रूपमा फोटो खिच्ने गरेका छन् । पहिलो चरणमा ३० हजारभन्दा बढी घरपरिवारको सर्वेक्षण गरिनेछ । मे २०२३ सम्म, सर्वेक्षकहरूले काठमाण्डौ उपत्यकाका विभिन्न क्षेत्रका ७,००० भन्दा बढी घरपरिवारको जानकारी सङ्कलन गरिसकेका छन् ।

खानेपानी आपूर्ति प्रणालीमा अत्याधुनिक प्रविधिसहितको नयाँ सञ्जालको लागि आवश्यक पूर्वाधारको विकास गर्नुका साथै निर्देशनालयले काठमाण्डौ उपत्यकाभित्र केयूकेएल ग्राहकहरूको उच्चस्तरीय डाटाबेस पनि तयार गरिरहेको छ । कागजातहरूको डिजिटाइजेसनले निर्देशनालयलाई भविष्यको आवश्यकता अनुसार काठमाण्डौ उपत्यकाको कुनै पनि भागमा नयाँ कार्यक्रम तथा परियोजनाहरू विकास तथा कार्यान्वयन गर्न सहज हुनेछ ।

### निर्देशनालयको अनुरोध

**राष्ट्रिय गौरवको आयोजना कार्यान्वयनका क्रममा सर्वसाधारणलाई पर्न गएको असुविधाप्रति निर्देशनालय क्षमाप्रार्थी छ र काठमाण्डौ उपत्यकाबासीको हितका लागि यस आयोजनालाई सहयोग गर्न सबैमा अपिल गर्दछ ।**

**काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड (KUKL), आयोजना कार्यान्वयन निर्देशनालय (PID)**

अनामनगर, काठमाण्डौ, **फोन नं.** : ०१-५७०५७७१, ५७०५९१६, ५७०५१४८ **फ्याक्स:** ०१-५७०५०५७, **टोल फ्रि नं. :** ११३९ **वेबसाइटः** www.kuklpid.org.np

**फेसबुकः** http://www.facebook.com/pidkukl **इमेल ठेगानाः** kuklpid@gmail.com